- व्यक्ति, परिवार र समुदायलाई आफ्नो स्वास्थ्यप्रति जिम्मेवार बनाउन उत्प्रेरित गर्ने।

**सम्पादन गर्नुपर्ने क्रियाकलापहरू :**

- "नसर्ने रोग रोकथाम र न्यूनीकरण तथा मानसिक स्वास्थ्य प्रवर्धनसम्बन्धी जिल्लास्तरीय समन्वय समिति"को बैठक।
- आत्महत्याको संवेदनशील रिपोर्टिङसम्बन्धी सञ्चारकर्मीहरूलाई अभिमुखीकरण।
- सामाजिक सञ्जालको समुचित प्रयोग सम्बन्धी विद्यार्थी तथा युवावर्गलाई अभिमुखीकरण।
- समुदायस्तरमा अभिमुखीकरण/अन्तरक्रिया, जनचेतना तथा समुदाय परिचालन/समूह परिचालन।

**सञ्चालन प्रक्रिया :**

- "नसर्ने रोग रोकथाम र न्यूनीकरण तथा मानसिक स्वास्थ्य प्रवर्धन सम्बन्धी जिल्लास्तरीय समन्वय समिति" अनुसूची-२ अनुसार (गठन गरी) बैठक गर्ने। बैठकमा जनस्वास्थ्य कार्यालयले आ.व २०८१/८२ मा नसर्ने रोगको रोकथाम र नियन्त्रण तथा मानसिक स्वास्थ्य प्रवर्धन र आत्महत्या न्यूनीकरणसम्बन्धी जिल्लाको अवस्था र भए गरेका क्रियाकलापहरू र आ.व २०८२/८३ मा गरिने क्रियाकलापहरूका बारेमा प्रस्तुतीकरण र समीक्षा गरी कार्ययोजना बनाउने।
- **"नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१-२०२५"** को अनुसूची-७ बमोजिम स्थानीय तहको समन्वय समिति गठन गर्न (नभएको खण्डमा) र क्रियाशील बनाउन सहजीकरण गर्ने।
- उक्त समिति मार्फत स्थानीय तहमा नसर्ने रोगको रोकथाम र नियन्त्रण, आत्महत्या न्यूनीकरण र आधारभूत मानसिक स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनप्रतिनिधि, पदाधिकारी, शाखा प्रमुख, स्वास्थ्य संस्था प्रमुख, विद्यालयका प्रधानाध्यापक, विद्यालय नर्स, स्थानीय प्रहरी प्रतिनिधिलगायतका सरोकारवालाहरूसँग अभिमुखीकरण तथा समीक्षा कार्यक्रम गर्न सहजीकरण गर्ने।
- समुदायस्तरसम्मका क्रियाकलापहरू गर्दा अघिल्ला आ.व.हरूमा सञ्चालन गरिएको भन्दा फरक स्थानहरूमा सञ्चालन गर्ने।

**"मेरो स्वास्थ्य, मेरो जिम्मेवारीः एक घण्टा मेरा लागि" अभियान**

- स्थानीय तहका वडास्तरसम्मका टोल विकास समितिलगायतका सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी नागरिकहरूको सहभागितामा अभिमुखीकरण /अन्तरक्रिया कार्यक्रम, जनचेतनामूलक तथा समुदाय परिचालन/ समुह परिचालन कार्यक्रमहरू सञ्चालन गर्ने।
- सरोकारवाला निकायहरूको समन्वयमा समुदायस्तरमा नसर्ने रोगको जोखिम तत्त्वहरूको न्यूनीकरण गर्नका लागि क्रियाकलापहरू तय गर्ने।
- मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमसँग सामञ्जस्यता हुने गरी अभियान सञ्चालन गर्ने।
- नसर्ने रोगको जोखिममा रहेका समुदाय/समूहलाई प्राथमिकतामा राखेर कार्यक्रम गर्ने।
- उक्त कार्यक्रममा सहभागीलाई **"मेरो स्वास्थ्य, मेरो जिम्मेवारीः एक घण्टा मेरा लागि" अभियानको (९)** नौ वटा देहायका प्रतिबद्धताहरूमा छलफल/अन्तरक्रिया र सङ्कल्प गराउने।
    १. म रक्सी, चुरोट र सूर्तीजन्य पदार्थ खान्नँ।
    २. म नियमित योग, ध्यान तथा व्यायाम गर्छु।
    ३. म स्वस्थ र पोषिलो खाना खान्छु।
    ४. म नियमित स्वास्थ्य परीक्षण गराउँछु।
    ५. म मेरो परिवार र समुदायको स्वास्थ्यप्रति सजग रहन्छु।
    ६. मेरो परिवारको स्वास्थ्य बिमा गराउँछु।
    ७. म मेरो घर, आँगन र वातावरण सफा राख्छु।
    ८. म/मेरो परिवारको ३० वर्ष माथिका महिलाहरूको स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरको परीक्षण गराउँछु।
    ९. म ट्राफिक नियम पालना गर्छु।
- कार्यक्रम सञ्चालन गर्दा सामुदायिक स्वास्थ्य स्वयंमसेवक तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गर्ने।

**मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम**

- नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएको राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ अनुरूप हुने गरी जिल्लास्तर तथा स्थानीय तहमा सञ्चालन गरिने क्रियाकलापहरूलाई समन्वय तथा सहजीकरण गर्ने।

- अनुसूची-२ बमोजिमको समितिमा जनस्वास्थ्य कार्यालयले HMIS 5.9 तथा अन्य स्रोतका आधारमा मानसिक स्वास्थ्य सेवा सम्बन्धी र जिल्ला प्रहरी कार्यालयबाट आत्महत्या सम्बन्धी तथ्याङ्क प्रस्तुतीकरण गरी बैठकमा विश्लेषण तथा समीक्षा समेत गर्ने। महिला सेल तथा अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) सँग समन्वय गरी त्यँहाबाट प्रदान गरिएका सेवाहरूको विश्लेषण तथा समीक्षा गर्ने।
- सबै स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरूमा आत्महत्या रोकथाम तथा राष्ट्रिय आत्महत्या रोकथाम हेल्पलाईन ११६६ सँग सम्बन्धित होर्डिङ बोर्ड राख्न सहजीकरण गर्ने।
- महिला सामुदायिक स्वयम् सेविकाहरूका लागि मानसिक स्वास्थ्यको मोडुल ४ अनुसारको तालिम तथा महिला स्वास्थ्य स्वयम् सेविकाका लागि निरन्तर क्षमता अभिवृद्धि सामाग्रीको खण्ड २ मोड्यूल १६ अनुसारको अभिमुखीकरण प्रदान गर्ने।
- जिल्लामा mhGAP तालिमप्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको सूची तयार गर्ने र अस्पताल र स्वास्थ्य संस्थामा मानसिक स्वास्थ्य सेवा लिन आएका सेवाग्राहीहरूलाई सेवा प्रदान गर्न अनिवार्य रूपमा चिकित्सक र स्वास्थ्यकर्मीलाई परिपत्र गरी स्थानीय तहसँगको समन्वयमा परिचालन गर्ने।
- आत्महत्याको संवेदनशील रिपोर्टिङका बारेमा सञ्चारकर्मीहरूलाई आत्महत्या रोकथाम सम्बन्धी सञ्चारकर्मीहरूका लागि मार्गदर्शन, २०८० अनुसार अभिमुखीकरण गर्ने।
- सामाजिक सञ्जालको समुचित प्रयोग सम्बन्धी विद्यार्थी तथा युवावर्गमा अभिमुखीकरण गर्ने।
- जिल्लास्थित प्रादेशिक अस्पतालबाट मनोरोग विशेषज्ञ चिकित्सकहरूलाई स्रोत व्यक्तिका रुपमा परिचालन गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ।
- जिल्लामा कार्यरत गैह्सरकारी सङ्घसंस्थासँगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि:**

- नसर्ने रोगको रोकथाम, मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या न्यूनीकरण भएको हुनेछ।

## ८.४ जनस्वास्थ्य विपद् रोकथाम, नियन्त्रण तथा प्रतिकार्य (२.७.२२.१७४७)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ५०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | ४०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ५०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ४०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | ५०० | जनस्वास्थ्य कार्यालय, दोलखा | ५०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | ५०० | जनस्वास्थ्य कार्यालय, रसुवा | ३०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ५०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ५०० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | ५०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | ५०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | ३०० | | |
| | | **जम्मा** | **५९००** |

**उद्देश्य:**

- जनस्वास्थ्य आपतकालीन अवस्थामा प्रभावकारी प्रतिकार्य गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी आवश्यक सामग्री व्यवस्थापन गर्ने।

**सम्पादन गर्नुपर्ने क्रियाकलापहरू:**

- जनस्वास्थ्य विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने।
- RRT परिचालन गरी प्रतिकार्य गर्ने।
- RRT का लागि आवश्यक सामग्री व्यवस्थापन गर्ने।

**सञ्चालन प्रक्रिया :**

- सम्बन्धित सरोकारवाला र सङ्घसंस्थाको संलग्नतामा स्वास्थ्य निर्देशनालय र PHEOC बाट अघिल्लो आ.व.मा प्राप्त ढाँचामा "**जिल्ला जनस्वास्थ्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना**"अद्यावधिक गरी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालय/PHEOC मा पठाउने।
- **"स्थानीय तह जनस्वास्थ्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना"** अद्यावधिक गर्न स्थानीय तहलाई सहजीकरण गर्ने।
- बजेटको परिधिभित्र रही यसअघि अभिमुखीकरण गर्न बाँकी रहेका स्थानीय तहको द्रुत प्रतिकार्य समिति र टोलीलाई अभिमुखीकरण गर्न सकिनेछ।
- द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धि निर्देशिका, २०७९ अनुसार Rapid Response Team प्रत्येक त्रैमासिकमा अद्यावधिक गरी सोको जानकारी अनिवार्य रूपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालय/प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रमा पठाउने।
- जिल्लामा विभिन्न समयमा देखापरेका प्रकोप तथा महामारीको विगत ३ देखि ५ वर्षको सूचना विश्लेषण गरी प्रकोप तथा महामारीको प्रक्षेपण गर्ने र सो अनुसारको सचेतना तथा नियन्त्रण र रोकथामका उपायहरू अवलम्बन गर्ने।
- विभिन्न स्रोत (सञ्चार माध्यम, EWARS, SORMAS आदि) बाट प्राप्त हुने सूचना, जानकारीलाई Epidemiological Analysis गरी राष्ट्रिय मापदण्ड/निर्देशिका बमोजिम प्रकोप तथा सम्भाव्य महामारीको पहिचान गर्ने।
- Outbreak Investigation गर्नका लागि Field Epidemiology Training Program (FETP) Graduate कर्मचारी समेत परिचालन गरी तथा माथिल्लो निकायबाट आवश्यकताअनुसार प्राविधिक सहयोग लिने।
- जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४८ अनुसार द्रुत प्रतिकार्य टोली परिचालन गर्ने र सोको जानकारी प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्वास्थ्य निर्देशनालय/ प्रादेशिक द्रुत प्रतिकार्य समिति/टोलीलाई नियमित रुपमा अद्यावधिक गराउने।
- द्रुत प्रतिकार्य टोली परिचालन गर्दा जिल्लामा रहेका विपद्सँग सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने।
- जिल्लाभित्र देखा परेका महामारी जन्य रोगहरू, प्राकृतिक प्रकोपका घटना तथा RRT परिचालन गरिएका कार्यहरूको विस्तृत प्रतिवेदन तयार गरी Media Briefing गर्ने।
- मन्त्रालयले तोकेको ढाँचामा Monthly Surveillance Bulletin तयार गरी हरेक महिनाको १० गते प्रकाशित गर्ने र अनिवार्य रूपमा स्वास्थ्य निर्देशनालय र प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रमा पठाउने।
- महामारी रोकथाम तथा प्रतिकार्यका लागि स्थानीय तह, सरोकारवाला निकायसंग पूर्वतयारी समन्वय/पैरवी बैठक गर्ने तथा महामारी व्यवस्थापनका लागि चाहिने अति आवश्यक केमिकल्स, Diagnostics kits, Reagents, औषधी तथा अन्य उपकरणहरूको बफर स्टक सुनिश्चित गर्नुपर्नेछ।
- RRT Focal Person बाट सूचना व्यवस्थापनका लागि प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ अनुसार सञ्चार खर्च बापत बढीमा प्रति महिना रु. ५०० सम्म खर्च गर्न पाइनेछ।
- महामारीको प्रकृति अनुसार थप विज्ञ तथा प्राविधिकहरूलाई परिचालन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि :**

- जनस्वास्थ्य विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक भएको हुनेछ।
- जनस्वास्थ्य विपद्को व्यवस्थापन भएको हुनेछ।

## ८.५ जनस्वास्थ्य निगरानी (खोपबाट बचाउन सकिने रोगहरू, खानेपानी, लगायत) कार्यक्रम (२.७.२२.१७४८)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ३०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | ३०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ३०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ३०० |

| | | | |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | ३०० | जनस्वास्थ्य कार्यालय, दोलखा | ३०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | ३०० | जनस्वास्थ्य कार्यालय, रसुवा | १५० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ३०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ३०० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | ३०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | ३०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | १५० | | |
| | | **जम्मा** | **३६००** |

**उद्देश्य :**

- खोपबाट बचाउन सकिने रोगहरू र अन्य महामारीजन्य रोगहरूको निगरानी गर्ने
- खानेपानी गुणस्तर निगरानी गर्ने

**सञ्चालन प्रक्रिया :**

**खोपबाट बचाउन सकिने रोगहरूको निगरानीः**

- खोपबाट बचाउन सकिने रोगहरूको निगरानी योजना (संक्रमणकालीन पोलियो योजना) २०७९-८६ को कार्यान्वयन गर्ने।
- पोलियो रोग उन्मूलन लगायत अन्य खोपबाट बचाउन सकिने रोगहरूको निवारण र नियन्त्रणसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने।
- समुदायमा देखापर्ने नेपाल सरकारबाट सूचीकृत सङ्क्रामक महामारीजन्य रोगहरूको अनुसन्धान, निगरानी, शंकास्पद बिरामीको नमुना सङ्कलन र ढुवानी आदि कार्यको लागि खर्च गर्न सकिनेछ।
- रकम अपुग वा कार्य क्षेत्रभन्दा बाहिरको लागि भुक्तानी गर्नु परेमा स्वास्थ्य निर्देशनालयमा समन्वय गरी भुक्तानीको व्यवस्थापन गर्नुपर्नेछ।
- निजी अस्पताल, मेडिकल कलेज, सङ्घीय अस्पताल आदिबाट समेत नमुना सङ्कलन र ढुवानी गर्दा यही बजेटबाट भुक्तानी गर्न सकिनेछ।
- निगरानीसम्बन्धी सबै किसिमका प्रतिवेदनहरू अनिवार्य रूपमा स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ।

**खानेपानी गुणस्तर निगरानीः**

- खानेपानी गुणस्तर निगरानीसम्बन्धी कार्यको जिम्मेवार व्यक्ति जनस्वास्थ्य कार्यालयको प्रयोगशालाकर्मी हुनेछ। प्रयोगशालाकर्मी नभएमा जनस्वास्थ्य प्रयोगशाला र प्रादेशिक अस्पतालबाट सहयोग लिन सकिनेछ।
- खानेपानीको गुणस्तर परीक्षणका लागि आवश्यक सामाग्रीहरूको व्यवस्था गर्ने। खानेपानी गुणस्तर परीक्षण उपकरणको मर्मतसम्भार (battery) समेत गर्न सकिनेछ।
- प्रयोगशालाकर्मीले खानेपानी गुणस्तर परीक्षण उपकरणलाई चालु राख्न आवश्यक व्यवस्थापन गर्नुपर्नेछ।
- स्थानीय तहहरूसँग समन्वय गरी जिल्लाभित्रका खानेपानी आयोजना/उपभोक्ता समिति/समूहहरूको सूची अद्यावधिक गर्ने।
- खानेपानी आयोजना/उपभोक्ता समितिहरूमा Water Safety Plan लागु भए नभएको अनुगमन गरी लागु गर्न सहजीकरण गर्ने।
- खानेपानी आयोजना, उपभोक्ता समिति, खानेपानी बोर्ड तथा सरोकारवालाहरूलाई अभिमुखीकरण तथा पृष्ठपोषण दिई जोखिममा रहेका समुदायलाई सुरक्षा उपायहरूबारे जानकारी प्रदान गर्ने।
- खानेपानी आयोजनाहरूको mapping गर्ने र खानेपानी सुरक्षा योजना लागु भएका आयोजनाहरूको मुहान, वितरण प्रणालीको वातावरणीय परिक्षण, अवलोकन गरी सुधार गर्नुपर्ने बुँदाहरू बारे उपभोक्ता समितिलाई जानकारी गराउने।
- जिल्लाभित्र सञ्चालनमा रहेका सबै खानेपानी आयोजनाको ६/६ महिनामा परीक्षण गर्ने। आवश्यकताअनुसार थप परीक्षण पनि गर्नुपर्नेछ। खानेपानी आयोजनाहरूको मुहान, वितरण प्रणालीको वातावरणीय परीक्षण, अवलोकन गरी सुधार गर्नु पर्ने बुँदाहरू सम्बन्धित स्थानीय तह, खानेपानी आयोजना, उपभोक्ता समिति र अन्य निकायलाई उपलब्ध गराउने र जानकारी गराउने।

- खानेपानी परीक्षणका किटका लागि स्वास्थ्य निर्देशनालय र जनस्वास्थ्य प्रयोगशालासँग माग गर्ने र उपलब्ध हुन नसकेमा आवश्यक मात्रामा खरिद समेत गर्न सकिनेछ।
- पानीजन्य रोग फैलिएका स्थानको खानेपानीको स्रोत वा वितरण प्रणालीको अनुगमन र सुधारका लागि खानेपानी परिक्षण, Chlorination को लागि Auto Dosing System को तालिम सहित सहयोग गर्ने, सुझाव र जनचेतना जगाउने क्रियाकलापहरू संचालन गर्ने।

**अपेक्षित उपलब्धि:**

- खोपबाट बचाउन सकिने रोगहरू र अन्य महामारीजन्य रोगहरूको निगरानी भई रोग लाग्ने दर र मृत्युदरमा कमी भएको हुनेछ।

### ८.६ टेलिमेडिसिन कार्यक्रमः स्थानीय तहसँगको समन्वयमा आधारभूत अस्पताललाई स्पोक अस्पतालका रूपमा विकास तथा सञ्चालन गर्ने (२.७.२२.१७६९)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ४०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ४०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ४०० | जनस्वास्थ्य कार्यालय, दोलखा | ४०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | ४०० | जनस्वास्थ्य कार्यालय, रसुवा | ४०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | ५०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ४०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ४०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | ४०० |
| जनस्वास्थ्य कार्यालय, रामेछाप | ४०० | | |
| | | **जम्मा** | **४५००** |

**उद्देश्य:**

- दुर चिकित्सा सेवामार्फत दुर्गम स्थानमा विशेषज्ञ सेवाको पहुँच विस्तार गर्ने।

**सञ्चालन प्रक्रिया:**

- विशेषज्ञ सेवाको पहुँच कम भएको दुर्गम स्थानलाई प्राथमिकतामा राखी दुर चिकित्सा सेवाको स्पोक अस्पतालका रूपमा विकास गरिने आधारभूत अस्पतालको नाम स्वास्थ्य निर्देशनालयमा सिफारिस गर्ने।
- स्वास्थ्य निर्देशनालयबाट सबै जिल्लाबाट सूची सङ्कलन गरी स्वास्थ्य मन्त्रालयमा सिफारिस गर्ने।
- मन्त्रालयबाट छनोट गरिएका स्थानीय तहका अस्पतालहरूमा सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएको"**एकीकृत विद्युतीय चिकित्सा अभिलेख प्रणाली सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१"** अनुसार आवश्यक पर्ने All in one desktop, Tablet, UPS, Headset लगायतका सामग्रीहरू खरिद तथा जडान गर्ने।
- टेलिमेडिसिन सेवा सञ्चालन गर्न सम्बन्धित स्थानीय तहहरूबाट स्रोत व्यवस्थापन गर्न पहल गर्न सकिनेछ।
- स्वास्थ्य निर्देशनालय र हब अस्पतालसँग समन्वय गरी मन्त्रालयबाट पहिचान भएका अस्पतालहरूसँग लिङ्क गरी दुर चिकित्सा सेवा दर्ता गर्न र सेवा शुरुवात गर्न सहजीकरण गर्ने।

**अपेक्षित उपलब्धि:**

- दुर चिकित्सा सेवामार्फत दुर्गम स्थानमा विशेषज्ञ सेवाको विस्तार भएको हुनेछ।

### ८.७ विद्यालयस्तरमा बालबालिकाहरूको श्रवण, दृष्टि (चस्मा समेत), दन्त परीक्षण र रक्त समूह पहिचान तथा उपचार र बाथ रोग/मुटु रोग (RHD) स्क्रिनिङ (२.७.२२.१७७२)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ६०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | ३०० |

| | | | |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ६०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ५०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | ५०० | जनस्वास्थ्य कार्यालय, दोलखा | ३०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | ७०० | जनस्वास्थ्य कार्यालय, रसुवा | २०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ७०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ५०० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | ७०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | ५०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | ६०० | | |
| | | **जम्मा** | ६७०० |

**उद्देश्य :**

- बालबालिकाहरूको श्रवण, दृष्टि तथा दन्त परीक्षण र उपचार व्यवस्थापन गर्ने।
- बालबालिकाहरूमा भविष्यमा हुन सक्ने बाथ रोग/मुटु रोग (RHD) को स्क्रिनिङ गर्ने।

**सञ्चालन प्रक्रिया :**

- सम्बन्धित विशेषज्ञ भएका सरकारी, निजी, सामुदायिक तथा सहकारी अस्पताल र स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने।
- जिल्लाभित्रका सरकारी विद्यालयहरूको सूची तयार गरी कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गर्ने।
- सरकारी विद्यालयहरूमा कार्यक्रम कार्यान्वयन गर्ने। कार्यक्रम सञ्चालन गर्दा विद्यालय नर्सको सहयोग लिन सकिनेछ।
- विद्यालयस्तरमा बालबालिकाहरूको श्रवण, दृष्टि, दन्त परीक्षण र रक्त समूह पहिचान तथा उपचार र बाथ रोग/मुटु रोग (RHD) स्क्रिनिङ तथा व्यवस्थापन गर्ने।
- दृष्टि परीक्षणपश्चात् चस्मा आवश्यक पर्ने बालबालिकालाई चस्मा उपलब्ध गराउने।
- स्क्रिनिङपश्चात् थप उपचार आवश्यक परेमा निःशुल्क उपचार व्यवस्थापनका लागि प्रादेशिक अस्पतालहरूमा प्रेषण गर्ने।
- परीक्षणका लागि आवश्यक पर्ने सामग्री खरिद गर्न सकिनेछ।
- स्थानीय तह र विद्यालयसँग समन्वय गरी कार्यक्रम दोहोरो नपर्ने गरी गर्ने।

**अपेक्षित उपलब्धि :**

- बालबालिकाहरूको श्रवण, दृष्टि तथा दन्त परीक्षण र उपचार व्यवस्थापन भएको हुने।
- बालबालिकाहरूमा भविष्यमा हुन सक्ने बाथ रोग/मुटु रोग (RHD) को स्क्रिनिङमार्फत पहिचान भई समयमै व्यवस्थापन भएको हुने।

### ८.८ महिलाहरूमा हुनसक्ने अब्स्ट्रेटिक फिस्टुला, पाठेघर खस्ने समस्या लगायतका प्रजनन् स्वास्थ्य रूग्णताको जाँच शिविर तथा व्यवस्थापन र रजोनिवृत्तसम्बन्धी सचेतना (२.७.२२.१७८८)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ३०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | २५० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ३०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | २५० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | २५० | जनस्वास्थ्य कार्यालय, दोलखा | २५० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | २५० | जनस्वास्थ्य कार्यालय, रसुवा | २०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ३०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | २५० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | ३०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | २५० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | २५० | | |
| | | **जम्मा** | ३४०० |

**उद्देश्य :**

- महिलाहरूमा हुनसक्ने अब्स्ट्रेटिक फिस्टुला, पाठेघर खस्ने समस्या लगायतका प्रजनन् स्वास्थ्य रूग्णताको जाँच शिविर तथा व्यवस्थापन गर्ने।

**सञ्चालन प्रक्रिया :**

- जिल्लाभित्र दुर्गम स्थानहरूमा शिविर सञ्चालनका लागि Women of Reproductive Age (WRA) धेरै भएका, अब्स्ट्रेटिक फिस्टुला, पाठेघर खस्ने लगायतका प्रजनन् स्वास्थ्य रूग्णताको बढी पहिचान/रिपोर्टिङ/सम्भावना भएका महिला समेटिने गरी पिछडिएका जनसङ्ख्या, स्वास्थ्य सेवाको पहुँच कम भएका स्थान चयन गर्नुपर्नेछ।
- अब्स्ट्रेटिक फिस्टुला, पाठेघर खस्ने, प्रजनन् स्वास्थ्य समस्या भएका महिलाहरूको स्वास्थ्य संस्था, प्रादेशिक अस्पतालको समन्वयमा स्क्रिनिङ शिविर सञ्चालन गर्ने।
- जनस्वास्थ्य कार्यालयले सम्बन्धित स्थानीय तह र स्वास्थ्य संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालनको योजना तयार गर्नुपर्नेछ र सोको जानकारी स्वास्थ्य निर्देशनालयमा गर्ने।
- शिविरमा प्रजनन् स्वास्थ्य रूग्णता, STI, पाठेघर खस्ने समस्या, अब्स्ट्रेटिक फिस्टुलाको जाँच र कन्जरभेटिभ म्यानेजमेन्ट हुने गरी व्यवस्थापन गर्नुपर्नेछ र प्रेषण आवश्यक पर्ने बिरामीहरूका लागि सहजीकरण समेत गर्नुपर्नेछ।
- शिविरमा पहिचान भएका अब्स्ट्रेटिक फिस्टुला, पाठेघर खस्ने समस्या भई शल्यक्रिया गर्नुपर्ने महिलाको विवरण तयार गरी सेवा उपलब्ध हुने प्रादेशिक अस्पताल वा स्वास्थ्य निर्देशनालयले सूचीकृत गरेको अस्पतालमा निःशुल्क शल्यक्रियाका लागि प्रेषण गर्ने।
- जिल्लामा क्रियाशील सम्बन्धित सङ्घसंस्थासँगको समन्वय र सहकार्यमा रजोनिवृत्तसम्बन्धी सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ।
- आवश्यकतानुसार विषयविज्ञहरू परिचालन गर्न सकिनेछ।
- कार्यक्रम सञ्चालनका लागि जिल्लाभित्रका स्थानीय तह, जिल्लामा कार्यरत गैह्रसरकारी सङ्घ-संस्थासँगको समन्वय र सहकार्यमा गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि :**

- महिलाहरूमा हुनसक्ने अब्स्ट्रेटिक फिस्टुला, पाठेघर खस्ने समस्या लगायतका प्रजनन् स्वास्थ्य रूग्णताको जाँच शिविर तथा व्यवस्थापन भएको हुनेछ।

## ८.९ व्यायामशाला स्थापना (२.७.२२.१७९९)

(रू. हजारमा)

| कार्यालय | | विनियोजित रकम |
|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | | २५०० |
| | **जम्मा** | **२५००** |

**उद्देश्य :**

- नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रण गर्नको लागि जनघनत्व बढी भएका शहरहरूमा व्यायामशालाको स्थापना भई स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने।

**सञ्चालन प्रक्रिया :**

- स्थानीय तहबाट स्थानको पहिचान गरी स्थानीय तहबाटै सञ्चालन, रेखदेख, संरक्षण र मर्मत सम्भार हुने गरी समन्वय तथा सहजीकरण गर्ने।
- व्यायामशाला स्थापनाका लागि आवश्यक औजार उपकरणको विवरण र सङ्ख्या तयार गर्ने।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागबाट खुल्ला योग तथा व्यायामशाला निर्माणका लागि निर्मित स्पेसिफिकेसनलाई आधार मानी स्पेसिफिकेसन तयार गर्न सकिनेछ।
- नियमानुसार खरिद कार्य सम्पन्न गर्ने।

- जडान स्थलको प्राविधिक तयारी तथा व्यवस्थापन (जमिन सम्याउने, पुर्ने लगायत) यसै शीर्षकबाट गर्न सकिनेछ।
- खरिद तथा जडान गरिएको औजार उपकरणहरू स्थानीय तहलाई हस्तान्तरण गर्ने र व्यायामाशालामा सम्बन्धित जनस्वास्थ्य कार्यालयको समेत बोर्ड राख्ने व्यवस्था गर्ने।
- यसअघि जडान गरिएका खुल्ला व्यायामशालाको स्थानीय तहबाट मर्मत सम्भारका लागि सहजीकरण गर्ने।

**अपेक्षित उपलब्धि :**

- व्यायामशाला स्थापना र सञ्चालन भई नसर्ने रोगको रोकथाम तथा जोखिमहरूको न्यूनीकरण भएको हुनेछ।

## ८.१० म्याद सकिएका काम नलाग्ने औषधि तथा सामग्रीहरूको व्यवस्थापन (२.७.२२.५७२)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | १०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | १०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | १०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | १०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | १०० | जनस्वास्थ्य कार्यालय, दोलखा | १०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | १०० | जनस्वास्थ्य कार्यालय, रसुवा | १०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | १०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | १०० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | १०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | १०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | १०० | | |
| | | **जम्मा** | **१३००** |

**उद्देश्य :**

- म्याद सकिएका काम नलाग्ने औषधि तथा सामग्रीहरूको व्यवस्थापन गर्ने।

**सञ्चालन प्रक्रिया :**

- म्याद सकिएका तथा काम नलाग्ने औषधी तथा सामग्रीहरू सुरक्षित विसर्जन गर्नका लागि कार्ययोजना तयार गर्ने।
- कार्ययोजना र नेपाल सरकारबाट जारी भएको मापदण्ड, निर्देशिकाबमोजिम म्याद सकिएका तथा काम नलाग्ने औषधी तथा औषधीजन्य सामग्रीहरू सुरक्षित विसर्जन गर्ने व्यवस्था गर्ने।
- कार्यालयमा लिलाम गर्नुपर्ने मालसामानहरूको लिलामविक्रीसम्बन्धी कार्य समेत यसै शीर्षकबाट गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि :**

- म्याद सकिएका काम नलाग्ने औषधी तथा सामग्रीहरूको उचित व्यवस्थापन भएको हुनेछ।

## ८.११ एकीकृत जनस्वास्थ्य र पोषण अभियान तथा विशेषज्ञ शिविर (२.७.३४.१५३)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ६०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | ६०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ६०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ६०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | ६०० | जनस्वास्थ्य कार्यालय, दोलखा | ६०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ६०० | जनस्वास्थ्य कार्यालय, रसुवा | ६०० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | ५०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ६०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | ५०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | ६०० |
| | | **जम्मा** | **७६००** |

**उद्देश्य :**

- दुर्गम स्थानहरूमा एकीकृत जनस्वास्थ्य र पोषण प्रवर्धन अभियान तथा विशेषज्ञ शिविर सञ्चालन गर्ने।

**सञ्चालन प्रक्रिया :**

- जिल्लाभित्र रहेका दुर्गम स्थान, सीमान्तकृत तथा पिछडिएका वर्ग र क्षेत्रको स्वास्थ्य आवश्यकताको पहिचान गर्ने।
- स्वास्थ्य आवश्यकताका आधारमा एकीकृत जनस्वास्थ्य अभियानमा प्रदान गरिने सेवाहरूको प्याकेज तयार गर्ने।
- एकीकृत जनस्वास्थ्य अभियानमा स्वास्थ्य प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक र उपचारात्मक स्वास्थ्य सेवा साथै आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवासमेत समेटी कार्यक्रम सञ्चालन गर्ने।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गरी जनस्वास्थ्य अभियान सञ्चालन गर्ने। उक्त अभियान, तयारीका क्रियाकलापबाहेक कम्तीमा पनि दुई दिनको हुनुपर्नेछ। जसमा हरेक दिनको कार्ययोजना बनाएर अभियान सञ्चालन गर्नुपर्नेछ। कार्ययोजना अन्तर्गत सर्ने र नसर्ने रोगहरूको स्क्रिनिङ, विद्यालय स्वास्थ्य शिक्षा, सरसफाइ तथा स्वच्छता प्रवर्धन, हात धुने अभियान, स्थानीय बाल समूह परिचालन गरी सडक नाटक, आमा समूहसँग अन्तरक्रिया लगायतका अन्य कार्यक्रमहरू गर्नुपर्नेछ।
- पोषण प्रवर्धनका क्रियाकलापसहित स्थानीय आवश्यकताका आधारमा बालरोग विशेषज्ञसँग समन्वय गरी बालरोग शिविर समेत सञ्चालन गर्न सकिने र त्यहाँबाट आवश्यक स्क्रिनिङ, परामर्श तथा उपचार प्रदान गर्न सकिनेछ।
- उपचारात्मक सेवा प्रदान गर्दा प्रजनन् स्वास्थ्य, नाक, कान, घाँटी, आँखा, मुख, छाला, आदि लगायतका स्वास्थ्य समस्यालाई समेत सम्बोधन गर्नुपर्नेछ।
- मिति तय भएपश्चात् स्थानीय तहसँग समन्वय गरी एकीकृत जनस्वास्थ्य अभियानको प्रचार-प्रसार गर्ने र कार्यक्रम सञ्चालन गर्ने।
- निजी अस्पताल तथा मेडिकल कलेजहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
- प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ अनुसार ५० शय्यासम्मका निजी अस्पतालहरूले वर्षको कम्तीमा एकपटक र ५० शय्यामाथिका निजी अस्पतालहरूले वर्षको कम्तीमा दुईपटक स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने व्यवस्था रहेकाले जिल्लाभित्र सञ्चालनमा रहेका त्यस्ता स्वास्थ्य संस्थाले शिविर गरी निःशुल्क स्वास्थ्य सेवा दिने व्यवस्था मिलाउने।

**अपेक्षित उपलब्धि :**

- सीमान्तकृत तथा पिछडिएका वर्गमा एकीकृत रूपमा प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक र निदानात्मक सेवा तथा विशेषज्ञ सेवाको पहुँच र उपयोगमा अभिवृद्धि भएको हुनेछ।

## ८.१२ पोषण सेवा सुदृढीकरण (बृहत पोषण प्याकेज, वृद्धि अनुगमन, OTC सेवा, पोषण प्रवर्धन, बिषादी न्यूनीकरण) (२.७.२२.१५३५)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ५० | जनस्वास्थ्य कार्यालय, रामेछाप | ५० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ५० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ५० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | ५० | जनस्वास्थ्य कार्यालय, दोलखा | ५० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | २५० | जनस्वास्थ्य कार्यालय, रसुवा | ५० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ५० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ५० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | ५० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | ५० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | ५० | | |
| | | **जम्मा** | **८५०** |

**उद्देश्य :**

- विषादीरहित खाने कुरा प्रवर्धन गर्ने र पोषण अवस्था सुधार गर्ने।

**सञ्चालन प्रक्रिया :**

- पोषणसम्बन्धी सङ्घीय सशर्त कार्यक्रमलाई समेत मध्यनजर गर्दै यस शीर्षकबाट विशेष गरी विषादी न्यूनीकरणका क्रियाकलापलाई प्राथमिकताका साथ कार्यन्वयन गर्ने।
- जिल्लामा विषादी प्रयोगको अवस्था पत्ता लगाउनका लागि जिल्लास्थित सरोकारवालाहरूसँग समन्वय तथा बैठक गर्ने।
- पोषण प्रवर्धन साथै विषादी न्यूनीकरण गर्नका लागि विद्यालयका क्यान्टिन सञ्चालक, विद्यार्थीहरू, कृषि सहकारी, कृषक समूह, टोल विकास/सुधार समितिबीच विषादी प्रयोगको अवस्था, भविष्यमा पर्ने असरहरू तथा विषादी न्यूनीकरण एवम् रोकथामका उपायहरूको बारेमा छलफल कार्यक्रम सञ्चालन गर्ने।
- तरकारी/फलफूलमा प्रयोग हुने विषादी परीक्षण गर्ने र नतिजासहित सम्बन्धित स्थानीय तहमा सार्वजनिकीकरण र अन्तरक्रिया गर्ने।
- जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित स्थानीय तहको अगुवाइमा जिल्लाको सदरमुकाममा तथा स्थानीय तहको मुख्य बजारमा अवस्थित विषादीजन्य वस्तुहरू पाइने स्थानमा अनुमति पत्रको अनुगमन गर्ने तथा म्याद गुज्रेका र कालो सूचीमा परेका विषादीको विक्री वितरण नगर्न साथै व्यवस्थापन गर्न आवश्यक सल्लाह प्रदान गर्ने।
- बजेटको परिधिभित्र रही स्थानीय तहसँग समन्वय गरी बजार क्षेत्र/हाट बजारहरूमा पोषण प्रवर्धन, विषादी नियन्त्रण तथा स्वस्थ खानपानको सन्देशमूलक चित्र सार्वजनिक स्थानमा राख्ने (flex) आदि।
- जनस्वास्थ्य कार्यालय धादिङले सङ्घीय सशर्त अनुदानको पोषण सेवा कार्यक्रमसँग दोहोरो नहुने गरी आवश्यकताका आधारमा बेनिघाट रोराङ गा.पा.मा रहेको पोषण सुधार केन्द्रको सुदृढीकरणको क्रियाकलाप समेत गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धि :**

- विषादीरहित खाने कुराको प्रवर्धन भएको हुनेछ।
- पोषण अवस्था सुधार भएको हुनेछ।

### ८.१३ DHIS-२, HMIS, EWARS, SORMAS लगायतका स्वास्थ्य सूचना प्रणालीलगायतको क्षमता अभिवृद्धि तथा प्राविधिक सहयोग (२.७.३४.१५२)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ३०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | २५० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ३५० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | २५० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | २५० | जनस्वास्थ्य कार्यालय, दोलखा | २०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | ५०० | जनस्वास्थ्य कार्यालय, रसुवा | १०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ३०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | २५० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | ३०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | २०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | १०० | | |
| | | **जम्मा** | **३३५०** |

**उद्देश्य :**

- स्थानीय तहका स्वास्थ्यकर्मीहरूको विभिन्न स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन तथा जनस्वास्थ्य सेवा/कार्यक्रममा क्षमता अभिवृद्धि गर्ने।

**सञ्चालन प्रक्रिया :**

- जिल्लाभित्रका सबै स्थानीय तह तथा सरकारी एवम् निजी स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई DHIS-२, HMIS, PAMS, LMIS, EWARS, SORMAS जस्ता विभिन्न स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन तथा जनस्वास्थ्य

सेवा/कार्यक्रममा आवश्यक क्षमता अभिवृद्धि तथा प्राविधिक सहयोगको क्षेत्र पहिचान गरी आर्थिक वर्षको शुरुमै कार्ययोजना तयार गर्ने।

- कार्ययोजनामा DHIS-२, HMIS, PAMS, LMIS, EWARS, SORMAS लगायतका स्वास्थ्य सूचना प्रणालीको अभिमुखीकरण र आवश्यक प्राविधिक सहयोग समावेश गर्न सकिनेछ।
- स्थलगत प्राविधिक सहयोग अन्तर्गत सङ्घीय सशर्त कार्यक्रम, विशेष अनुदान कार्यक्रम, प्रदेशबाट वित्तीय हस्तान्तरण भएका कार्यक्रम मार्फत स्थानीय तहबाट कार्यान्वयन गरिएका अन्य कार्यक्रमहरूलाई समेत समावेस गर्ने।
- स्थलगत प्राविधिक सहयोग गर्न जाँदा एकीकृत सुपरीवेक्षण चेकलिष्ट तयार गरी प्रयोग गर्ने।
- स्थानीय तहको स्वास्थ्य विभाग/महाशाखा/शाखा र स्वास्थ्य संस्थामा जाँदा त्यहाँका जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीहरूसँग बैठक गरी अनुगमनले औंल्याएका विषयवस्तुसहितको माइन्युटिङ गर्ने र भ्रमण प्रतिवेदनमा समावेश गर्ने।
- बजेटको परिधिभित्र रही स्थानीय तहले आयोजना तथा आमन्त्रण गरेको जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरूमा सहजीकरण गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि :**

- स्थानीय तहका स्वास्थ्यकर्मीहरूको विभिन्न स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन तथा जनस्वास्थ्य सेवा/कार्यक्रममा क्षमता अभिवृद्धि भएको हुनेछ।
- सबै स्वास्थ्य सूचना प्रणालीहरूमा तथ्याङ्क समयमै प्रविष्टी भएको हुनेछ।

## ८.१४ स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत प्रयोगशालाकर्मीहरूको टेक्निकल अपडेट (२.७.२२.१५२७)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | २०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | २०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | २०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | २०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | २०० | जनस्वास्थ्य कार्यालय, दोलखा | २०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | २०० | जनस्वास्थ्य कार्यालय, रसुवा | १०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | २०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | १५० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | २०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | २०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | १०० | | |
| | | **जम्मा** | **२३५०** |

**उद्देश्य :**

- स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत प्रयोगशालाकर्मीहरूको ज्ञान र सीप अभिवृद्धि गर्ने।

**सञ्चालन प्रक्रिया :**

- जिल्लाका स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा रहेका प्रयोगशाला र प्रयोगशालाकर्मीहरूको सूची अद्यावधिक गर्ने।
- आ.व. २०८१/८२ मा सहभागी नभएका प्रयोगशालाकर्मीहरूलाई प्राथमिकतामा राखी समावेश गर्ने।
- प्रदेश जनस्वास्थ्य प्रयोगशालासँग समन्वय गरी प्रयोगशालाकर्मीहरूलाई सहभागी गराई मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमअन्तर्गत नसर्ने रोग, क्षयरोग, कुष्ठरोग, औलो, कालाजार, डेङ्गी, स्क्रब टाईफस लगायतका प्राथमिकताप्राप्त कीटजन्य तथा महामारीजन्य रोगहरूको निदान तथा परीक्षण सेवाको विवरणसहित २ दिने समीक्षा तथा टेक्निकल अपडेट कार्यक्रम सञ्चालन गर्ने।
- स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी स्थानीय तहका प्रयोगशाला र जनस्वास्थ्य कार्यालयले गर्ने प्रस्तुतीकरणको अद्यावधिक ढाँचा प्राप्त गर्ने।
- पहिलो दिनमा प्रयोगशाला सेवा र गुणस्तरसम्बन्धी समीक्षा गर्ने र दोस्रो दिनमा टेक्निकल अपडेट गर्ने।

- टेक्निकल अपडेटमा निम्न विषयवस्तु समावेश गर्ने:
  - प्रयोगशाला सेवासम्बन्धी प्रचलित नीति, प्रोटोकल, मापदण्ड, निर्देशिका
  - प्रयोगशालासम्बन्धी Standard Operating Procedure
  - आधारभूत स्वास्थ्य सेवामा प्रयोगशाला सेवा
  - प्रयोगशालाको गुणस्तर
  - आवश्यकताअनुसार अन्य विषयहरू समेट्ने

**अपेक्षित उपलब्धि :**

- स्थानीय तहका स्वास्थ्य संस्थाबाट प्रवाह हुने प्रयोगशाला सेवाको गुणस्तर अभिवृद्धि भएको हुनेछ।

## ८.१५ मदिरापानविरुद्ध सचेतना तथा सूर्तिजन्य पदार्थको नियन्त्रणका लागि नियमन, समीक्षा र सहजीकरण (२.७.२५.१७)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | १०० | जनस्वास्थ्य कार्यालय, भक्तपुर | ५० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ५० | जनस्वास्थ्य कार्यालय, ललितपुर | १०० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | १०० | | |
| | | **जम्मा** | ४०० |

**उद्देश्य :**

- मदिरा तथा सूर्तिजन्य पदार्थको विक्री वितरण, सेवनजस्ता कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने।

**सञ्चालन प्रक्रिया :**

- मदिराको प्रयोग र मदिरा प्रयोगसँग सम्बन्धित घटनाहरू जस्तै झैझगडा, हिंसा, सडक दुर्घटनाको वर्तमान अवस्थाका बारेमा जिल्ला प्रहरी कार्यालयबाट तथ्याङ्क सङ्कलन गरी सरोकारवाला सहित वस्तुस्थिति विश्लेषण गरी कार्ययोजना बनाउने।
- मदिरा ऐन, २०३१, मदिरा विक्री वितरण नियमन निर्देशिका, २०६५ र सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन,२०६८, सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१ मा भएका व्यवस्था, सम्बन्धित जिल्ला तथा स्थानीय तहको क्यान्सर, मुटु रोग, मधुमेह लगायतका नसर्ने रोगहरूको अवस्था सम्बन्धी स्थानीय तहका जनप्रतिनिधि र सरोकारवालाहरूसँग अन्तरक्रिया गर्ने।
- सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा विद्यालय, स्वास्थ्य संस्था लगायतका सार्वजनिक स्थानहरूमा मदिरा तथा सूर्तिजन्य पदार्थ विक्रीवितरणबारे सचेतना, अनुगमन तथा नियमन गर्ने।
- SAFER Initiative र MPOWER Measures लगायतका अन्तर्राष्ट्रिय अभियानका आधारमा मदिरापान र सूर्तिजन्य पदार्थ सेवनबाट हुने प्रतिकूल असरहरू बारे सचेतनामूलक कार्यहरू गर्ने।

**अपेक्षित उपलब्धि :**

- मदिरा तथा सूर्तिजन्य पदार्थको बिक्री वितरण, सेवनजस्ता कार्यको न्यूनीकरण, नियन्त्रण र नियमन हुनेछ।

## ८.१६ प्रदेशमा बसोबास गर्ने अति सिमान्तकृत एवं लोपोन्मुख जातीहरूको मातृ तथा बाल स्वास्थ्य सेवामा सहज पहुँच तथा उपभोग बढाउन संस्थागत सुत्केरी र तिनका बालबालिकाले पूर्ण खोप लगाएका आमालाई रु ५ हजार उत्प्रेरणा खर्च (२.७.२२.१९)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | १२०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | ५० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | १५०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ५० |

| | | | |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | ५० | जनस्वास्थ्य कार्यालय, दोलखा | ५०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | १००० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ४०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ५० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | ५५० |
| | | **जम्मा** | **५३५०** |

**उद्देश्य :**

- अति सिमान्तकृत एवं लोपोन्मुख जातीहरूको मातृ तथा बालस्वास्थ्य सेवामा सहज पहुँच तथा उपभोग बढाउन संस्थागत सुत्केरी र तिनका बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चितता गर्ने।

**सञ्चालन प्रक्रिया :**

- सबै जनस्वास्थ्य कार्यालयबाट जिल्लाभित्रका आमा सुरक्षा कार्यक्रम लागू भएका प्रादेशिक अस्पताल, अन्य सरकारी र निजी स्वास्थ्य संस्थाहरूमा सो सुविधाबारे पत्राचार गर्ने र स्थानीय तहअन्तर्गत रहेका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्थानीय तहमार्फत कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्ने।
- उक्त जातिले संस्थागत प्रसूति भएको प्रमाणित विवरण र सबै खोप लिएको प्रमाणित विवरण स्थानीय तह अन्तर्गत रहेका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्थानीय तहका स्वास्थ्य संस्थाले तयार गरी प्रमाणित गरी जनस्वास्थ्य कार्यालयमा पठाउने।
- प्रादेशिक अस्पताल, अन्य सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूको हकमा उक्त विवरण जनस्वास्थ्य कार्यालयमा पेश गरेपछि सम्बन्धित स्वास्थ्य संस्थाहरूलाई सोधभर्ना भुक्तानी गर्ने।
- अनुसूची–३ मा उल्लेख भएका अति सिमान्तकृत एवं लोपोन्मुख जातीहरूले संस्थागत प्रसूति र पूर्ण खोप लगाएबापत् देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ।
    - नेपाल सरकारले आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रदान गरेको यातायात खर्चमा थप रु.२००० (दुई हजार रुपैयाँ)।
    - प्रोटोकल अनुसार १५ महिनाभित्र पूर्ण खोप लगाएका बालबालिकाका आमालाई रु.३००० (तीन हजार रुपैयाँ)।
- यो कार्यका लागि संस्थागत प्रसूतिका लागि प्रदान गरिने यातायात खर्चको भुक्तानीका लागि स्वास्थ्य संस्थाले आमा सुरक्षा कार्यक्रममा रकम प्रदान गरेको प्रमाणित भरपाई अनुसूची ४ अनुसार गर्ने र पूर्ण खोप लगाएपछि रकम प्रदान गरी अनुसूची ५ मा उल्लेख गरिएको फाराम भरी अभिलेख तथा प्रतिवेदन गर्ने।
- प्रादेशिक अस्पताल, अन्य सरकारी तथा निजी स्वास्थ्य संस्था र स्थानीय तहले त्रैमासिक रूपमा सोधभर्ना माग गर्नुपर्नेछ। प्रत्येक त्रैमासिक सकिएको बढिमा १५ दिनभित्र माग गर्नुपर्नेछ।
- स्थानीय तहको स्वास्थ्य शाखासँग समन्वय गरी भुक्तानीको व्यवस्था मिलाउने।
- लक्षित वर्गले सेवा-सुविधा पाए/नपाएको यकिन गर्ने। संस्थागत प्रसूति, पूर्ण खोपको सूचकहरू विश्लेषण गर्ने।

**अपेक्षित उपलब्धि :**

- अति सिमान्तकृत एवं लोपोन्मुख जातीहरूको मातृ तथा बालस्वास्थ्य सेवामा सहज पहुँच तथा उपभोग बढ्नेछ।

### ८.१७ जनसङ्ख्या तथा बसाइसराइ सम्बन्धी कार्यक्रम (२.७.२५.१९)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | २०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | २०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | २०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | २०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | २०० | जनस्वास्थ्य कार्यालय, दोलखा | २०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | २०० | जनस्वास्थ्य कार्यालय, रसुवा | १०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | २०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | २०० |

| | | | |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | २०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | २०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | ४०० | | |
| | | **जम्मा** | **२७००** |

**उद्देश्य :**

- जनसङ्ख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गर्ने।

**सञ्चालन प्रक्रिया :**

- जनसङ्ख्यासम्बन्धी जिल्लाको वस्तुस्थिति तथा समस्या र सवालहरूका बारेमा जिल्ला जनस्वास्थ्य समन्वय समितिमा सरोकारवालाहरूसहित बृहत् छलफल गरी समस्या तथा आवश्यकताको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण गर्ने।
- सो प्राथमिकताका आधारमा देहाय बमोजिमका कार्यक्रमहरू गर्न सकिनेछ;
    - स्थानीय तहमा जनसङ्ख्या नीतिको सान्दर्भिक विषयमा पैरवी तथा छलफल कार्यक्रम
    - कम उमेरमा विवाह, लैङ्गिक र जातीय विभेद लगायतका जनचेतनामूलक कार्यक्रम
    - किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी पिछडिएको क्षेत्र एवं सिमान्तक्रित समुदाय, सुकुम्वासी वस्ती पहिचान गरी किशोरकिशोरीसँग अन्तरक्रिया
    - जेरियाट्रिक स्वास्थ्य सेवा रणनीति, २०७८ ले निर्दिष्ट गरेका क्रियाकलापहरू
    - जेष्ठ नागरिकसँग Healthy Aging प्रवर्धन कार्यक्रम
- जिल्ला प्रशासन कार्यालय र आप्रवासनका क्षेत्रमा क्रियाशील सङ्घसंस्थासँग समन्वय गरी वैदेशिक रोजगारमा जाने श्रमिकहरूका लागि सुरक्षित आप्रवासन र स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धि :**

- जनसङ्ख्या व्यवस्थापन तथा बसाइसराइ सम्बन्धी सचेतना अभिवृद्धि भएको हुनेछ।

## ८.१८ मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण सेवा सुदृढीकरण (सोधभर्ना समेत) (२.७.३४.१०२)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ७०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | ६०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ८०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ७०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | ७०० | जनस्वास्थ्य कार्यालय, दोलखा | ७०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | ७०० | जनस्वास्थ्य कार्यालय, रसुवा | ३०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ८०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ८०० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | १२०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | ८०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | ५०० | | |
| | | **जम्मा** | **९३००** |

**उद्देश्य :**

- नसर्ने रोगको समयमै परीक्षण गरी रोगको शीघ्र पहिचान र जटिलता न्यूनीकरण गर्ने।

**सञ्चालन प्रक्रिया :**

- मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम (परीक्षण, निदान, परामर्श र उपचार व्यवस्थापन) कार्यविधि (संसोधन समेत) बमोजिम सञ्चालन गर्नुपर्नेछ।
- स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्थाहरूले कार्यविधिले तोकेअनुसारको सेवा दिए बापत् सोधभर्ना उपलब्ध गराउने।
- स्थानीय तहका स्वास्थ्य संस्थाहरूले स्क्रिनिङ गरिएका सेवाग्राहीहरूको विवरण हार्डकपी प्रमाणित गरी जनस्वास्थ्य कार्यालयमा सिफारिससहित सोधभर्नाका लागि प्रत्येक महिनाको ७ गतेभित्र पठाउनुपर्नेछ। अनिवार्य रूपमा Excel sheet समेत स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ। सेवाग्राहीहरूको विवरण तोकिएको ढाँचामा हुनुपर्नेछ।

- मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गतका स्थानीय स्वास्थ्य संस्थाहरूले सेवा प्रदान गरेबापत् प्रति सेवाग्राही पन्ध्र रुपैयाँ (रु. १५) का दरले सोधभर्ना रकम जनस्वास्थ्य कार्यालयले मासिक/त्रैमासिक रूपमा उपलब्ध गराउनेछ।
- सोधभर्ना बापत् स्थानीय तहका स्वास्थ्य संस्थामा उपलब्ध गराइने रकम सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार स्वास्थ्य संस्थाको क्षमता विकास (सेवा प्रवाहसमेत) र स्वास्थ्यकर्मीको उत्प्रेरणाका लागि क्रमशः ६०:४० को अनुपातमा खर्च गर्न सकिनेछ।
- परीक्षणका लागि आवश्यक रिएजेन्ट लगायतका परीक्षण समाग्री, फर्म, फर्म्याट समेत खरिद गर्न सकिनेछ।
- परीक्षणका लागि आवश्यक सामग्री र सोधभर्ना गरी बजेट बाँकी रहेमा कार्यक्रमको समीक्षा, अभिमुखीकरण, नियमित अनुगमन तथा प्राविधिक सुपरिवेक्षण गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि :**

- जोखिम न्यूनीकरण साथै नसर्ने रोगको सही समयमा पहिचान, रोकथाम र उपचार गरी त्यसबाट हुने जटिलता र मृत्युदर न्यूनीकरण हुनेछ।

## ८.१९ सडक दुर्घटना (RTA) रोकथाम तथा न्यूनीकरण र एम्बुलेन्स व्यवस्थापन कार्यक्रम (२.७.३४.१४५)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ४०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | ४०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ३०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ५०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | २५० | जनस्वास्थ्य कार्यालय, दोलखा | २०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | ३०० | जनस्वास्थ्य कार्यालय, रसुवा | ५० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ३०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ५०० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | ३५० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | १०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | २५० | | |
| | | **जम्मा** | **३९००** |

**उद्देश्य :**

- सडक दुर्घटना (RTA) रोकथाम तथा न्यूनीकरण गर्ने।
- जिल्लाभित्र रहेका एम्बुलेन्सलाई एकद्वार प्रणालीबाट छिटोछरितो रूपमा सञ्चालन गरी बिरामी तथा घाइतेलाई सेवा पुऱ्याउनका लागि जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको नियमित रुपमा बैठक बस्ने तथा एम्बुलेन्स सेवाको प्रभावकारी अनुगमन तथा नियमन गर्ने।

**सम्पादन गर्नुपर्ने क्रियाकलापहरू :**

- सडक दुर्घटना (RTA) रोकथाम तथा न्यूनीकरण सम्बन्धी कार्य
- एम्बुलेन्स सम्बन्धी समितिको बैठक तथा व्यवस्थापन

**सञ्चालन प्रक्रिया :**

**सडक दुर्घटना (RTA) रोकथाम तथा न्यूनीकरण**

- जिल्लास्तरीय सडक दुर्घटना तथा जोखिम न्यूनीकरण समितिको (अनुसूची ६) नियमित बैठक बस्ने।
- सवारी दुर्घटना न्यूनीकरणका लागि कार्ययोजना बनाउने तथा सोको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- सवारी दुर्घटनाको अवस्थाको समीक्षा तथा कार्ययोजना तर्जुमा गर्ने।
- जिल्ला ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरी जिल्लामा सडक दुर्घटनाको तथ्याङ्क प्राप्त गर्ने साथै सो तथ्याङ्क विश्लेषण गरी कार्ययोजना तयार गर्ने।

- यातायात व्यवसायी सङ्घ संस्था र जिल्ला ट्राफिक कार्यलयसँग समन्वय र सहकार्य गरी सवारी चालक तथा सह-चालकहरूलाई श्रवण तथा दृष्टि परीक्षणका लागि सहजीकरण गर्ने।
- सवारी दुर्घटना जोखिम न्यूनीकरणका लागि जिल्लामा सञ्चालन भइरहेका सम्पूर्ण कार्यको विवरण राख्ने तथा सो कार्यको प्रभावकारी कार्यान्वयनका लागि समन्वयकारी भूमिका निभाउने।
- जिल्लामा कार्यरत गैहसरकारी सङ्घ-संस्थासँगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
- सवारी जोखिम न्यूनीकरण सम्बन्धी जोखिम विश्लेषण तथा जोखिम नक्शाङ्कन (Risk Mapping) गर्ने तथा सम्भावित दुर्घटनास्थलमा जनचेतनामूलक सन्देश राख्न सकिनेछ।
- यातायात व्यवस्था कार्यालय र जिल्ला ट्राफिक कार्यालयसँग सहकार्य गरी सवारी अनुमतिपत्र लिने क्रममा रहेका व्यक्तिहरूलाई सचेतनामूलक सेसन सञ्चालन गर्ने।
- जिल्ला ट्राफिक/प्रहरी कार्यालयको समन्वयमा मादक पदार्थ सेवन तथा लागु पदार्थ सेवन जाँचका लागि पैरवी र प्राविधिक सहयोग (ला.प.से. परीक्षण कीटसमेत) प्रदान गर्न सकिनेछ।

**एम्बुलेन्स व्यवस्थापन कार्यक्रम**

- जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको आवश्यकता अनुसार बैठक बसी जिल्लाभित्रको एम्बुलेन्सको अवस्था विश्लेषण गर्ने।
- राष्ट्रिय एम्बुलेन्स निर्देशिकाअनुसार अनुगमन तथा नियमन गर्न कार्ययोजना तयार गर्ने।
- स्वास्थ्य निर्देशनालयको समन्वयमा जिल्लामा अवस्थित एम्बुलेन्स सेवाको नियमनका लागि GPS जडान गरिएका एम्बुलेन्सहरूलाई प्रदेशस्तरमा रहेको डीस्प्याच सेन्टरसँग जोड्ने। एम्बुलेन्सलाई एकद्वार प्रणाली (हटलाइन नः १०२) बाट छिटो छरितो रूपमा सञ्चालन गर्न सहजीकरण गर्ने।
- जिल्लाभित्र सञ्चालनमा रहेका एम्बुलेन्सहरूको सूची अद्यावधिक गर्ने र सबै एम्बुलेन्सहरूलाई स्वास्थ्य मन्त्रालयको "बागमती स्वास्थ्य आपत्कालीन प्रतिकार्य प्रणाली"मा अनिवार्य आबद्ध गर्ने।
- एम्बुलेन्सको सेवा शुल्क निर्देशिकाअनुसार भए नभएको नियमन गर्ने।

**अपेक्षित उपलब्धि:**

- सडक दुर्घटना कम हुने तथा न्यूनीकरण भई मृत्युदर कम हुनेछ।

## ८.२० जिल्ला जनस्वास्थ्य समन्वय समितिको बैठक (२.७.३४.१४६)

(रू. हजारमा)

| कार्यालय | विनियोजित रकम | कार्यालय | विनियोजित रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | २५२ | जनस्वास्थ्य कार्यालय, रामेछाप | ३०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ३०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | २०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | २०० | जनस्वास्थ्य कार्यालय, दोलखा | २०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | २०० | जनस्वास्थ्य कार्यालय, रसुवा | २०० |
| जनस्वास्थ्य कार्यालय, ललितपुर | ४०० | जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक | ३०० |
| जनस्वास्थ्य कार्यालय, काठमाण्डौं | ६०० | जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | २०० |
| जनस्वास्थ्य कार्यालय, भक्तपुर | २०० | | |
| | | **जम्मा** | **३५५२** |

**उद्देश्य:**

- जनस्वास्थ्य कार्यालय तथा स्थानीय तहबाट प्रवाह हुने स्वास्थ्य कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न तथा समन्वयलाई प्रभावकारी गराउने।

**सञ्चालन प्रक्रिया:**

- अनुसूची ७ बमोजिम समितिको बैठक मासिक रूपमा सञ्चालन गर्नुपर्नेछ। बैठकमा देहायका कार्यहरू गर्ने
  - आर्थिक वर्षको पहिलो बैठकमा जिल्ला र स्थानीय तहको स्वीकृत वार्षिक कार्यक्रम प्रस्तुतीकरण गर्ने।
  - दोस्रो बैठकमा वार्षिक कार्ययोजना पेश गर्ने। साथै गत आ.व.को वार्षिक समीक्षा सञ्चालनका लागि आवश्यक तयारीको बारेमा छलफल गर्ने।
  - मासिक रूपमा प्रदेश वा जिल्ला तथ्याङ्क व्यवस्थापन समितिबाट तयार भएको प्रतिवेदनमाथि छलफल गर्ने, स्थानीय तहगत पृष्ठपोषण गर्ने र सो अनुसार भए नभएको यकिन गर्ने।
- समितिको बैठकको वार्षिक कार्यतालिका तयार गरी स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउने।
- समितिको बैठक सामान्यतया ११ देखि १६ गतेभित्र सञ्चालन गर्नुपर्नेछ। सो बैठकभन्दा अगाडि जिल्ला तथ्याङ्क व्यवस्थापन समितिको बैठक बसी समितिको बैठकका लागि आवश्यक तयारी गर्ने।
- उक्त बैठकमा गत महिनाको कार्यसम्पादन समीक्षा र आगामी महिनाको कार्ययोजना बारेमा छलफल गर्ने।
- बैठकमा समितिका पदाधिकारी बाहेक कार्यालयका सबै कार्यक्रम फोकल पर्सनलाई अनिवार्य सहभागी गराई अन्य सरकारी, सहकारी, गैह्रसरकारी, गैरनाफामूलक तथा सामुदायिक अस्पतालहरू, स्वास्थ्य बिमा बोर्डको जिल्ला कार्यालय तथा सङ्घ संस्थाहरूसँग आवश्यकताअनुसार समन्वय गरी सहभागी गराउन सकिनेछ।
- प्रत्येक त्रैमासिक सकिएको अर्को महिनामा हुने मासिक बैठकमा मुख्य स्वास्थ्य सूचकहरू, अघिल्ला बैठकका निर्णयहरू, आपूर्ति व्यवस्थापन लगायतका विषयमा रही प्रगति विवरण समीक्षा गर्ने।
- प्रत्येक बैठकमा कार्यक्रमसम्बन्धी कम्तीमा एकवटा प्राविधिक सत्र (Technical session) सञ्चालन गर्ने।
- प्रत्येक बैठकका निर्णयहरू अभिलेखीकरण गरी सम्बन्धित स्थानीय तह र स्वास्थ्य निर्देशनालयमा अनिवार्य रुपमा पठाउने।
- स्रोतसाधनको पहिचान गर्न समन्वयकारी भूमिका खेल्ने तथा आवश्यक सहयोग प्रदान गर्ने।

**अपेक्षित उपलब्धि:**

- जनस्वास्थ्य कार्यालय तथा स्थानीय तहबाट प्रवाह हुने स्वास्थ्य कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले सञ्चालन भएको हुनेछ।

## ८.२१ स्वास्थ्य शिक्षा, सूचना, सञ्चार तथा पैरवी कार्यक्रम (२.७.३४.१४७)

(रू. हजारमा)

| कार्यालय | रकम | कार्यालय | रकम |
|---|---|---|---|
| जनस्वास्थ्य कार्यालय, चितवन | ७०० | जनस्वास्थ्य कार्यालय, रामेछाप | ५०० |
| जनस्वास्थ्य कार्यालय, मकवानपुर | ७०० | जनस्वास्थ्य कार्यालय, सिन्धुली | ६०० |
| जनस्वास्थ्य कार्यालय, नुवाकोट | ६०० | जनस्वास्थ्य कार्यालय, दोलखा | ३०० |
| जनस्वास्थ्य कार्यालय, धादिङ्ग | ५०० | जनस्वास्थ्य कार्यालय, रसुवा | २०० |
